मिति: २०८०।१०।०९

**मिति २०८० माघ १४,१५ र १६ गते (तदानुसार जनवरी २८,२९ र ३०, २०२४) मा हुने हवाई उडानबाट दक्षिण कोरिया जाने कामदारहरुको लागि अत्यन्त जरुरी सूचना ।**

यसै साथ संलग्न HRD Service of Korea बाट उल्लेखित मितिको हवाई उडानका लागि प्राप्त भएका नामावलीको सूचिमा भएका व्यक्तिहरूले तपसिल बमोजिमका कागजातहरू तपसिलको मिति र समयमा अनिवार्य रुपमा यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ। सूचिमा नाम भएका व्यक्तिहरुले उडान पूर्व गर्नुपर्ने आवश्यक तयारी (अनलाईन श्रम स्विकृति) लिई तोकिएको मिति र समयमा कोरिया प्रस्थान गर्नु पर्नेछ । तोकिएको मिति र समयमा तयारी नगर्ने कामदारहरूको निर्धारित उडान तालिका प्रभावित हुन सक्ने व्यहोरा जानकारी गराईन्छ। उडान नामावली सूचिमा नाम भएका तर कोरिया जान नचाहनेहरुले सोको जानकारी यथाशिघ्र लिखित रुपमा यस शाखामा गराईदिनुहुन समेत अनुरोध छ ।

**पुनश्चः-** श्रम स्विकृतिको आवेदन स्विकृत भएमा सो को निस्सा सम्बन्धित व्यक्तिहरुले जुनसुकै ठाउँबाट ( https://feims.dofe.gov.np/Common-Login.aspx) मा गई आफ्नो Username र Password प्रबिष्टि गरी प्रिन्ट गर्न सकिने छ ।

- सम्बन्धित व्यक्तिले www.visa.go.kr मा गई आफ्नो भिषा जारी भएको नभएको हेर्न सकिने छ ।

**कार्यालयमा राहदानी लिन आउँदा गर्नुपर्ने कार्यहरु:**

- माछापुच्छ्रे बैंकमा ई.पी.एस. कार्यालयको खातामा ४६.२० डलर बराबरको नेपाली रूपैयाँ पोर्टलमा गई अनलाइनबाट दाखिला गर्ने र सो भुक्तानी प्रदायक संस्थाहरुबाट अनलाईनमै भुक्तानी गर्न सकिने छ ।
- कम्तिमा ६ बर्षे वैदेशिक रोजगार आबधिक जीवन वीमा गर्ने र सो भुक्तानी प्रदायक संस्थाहरुबाट अनलाईनमै भुक्तानी गर्न सकिने छ ।
- वैदेशिक रोजगार कल्याणकारी कोष वापतको रकम रु. २५००/- र नेपाल सरकारले वैदेशिक रोजगारमा जाने नेपाली श्रमीकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागि गराउने निर्णय गरेकोले सो सामाजिक सुरक्षा कोषवापत न्यूनतम रु २३०८/- भुक्तानी गर्नुपर्ने र सो रकम भुक्तानी प्रदायक संस्थाहरुबाट अनलाईनमै भुक्तानी गर्न सकिने छ ।
- UBT पासर कामदारको हकमा व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, भैसेंपाटी ललितपुरबाट लिएको पूर्व अभिमुखिकरण तालिम (Pre–Departure Training) को प्रमाणपत्रको प्रतिलिपि, पेश गर्नु पर्ने छ ।
- हवाई टिकट कोरियन एयरको **GSA Universal Tours & Travel** (राष्ट्रपति भवन अगाडि) माहाराजगंज बाट **USD 895** भुक्तानी गरी लिन सकिने छ ।

**पूर्व अभिमुखिकरण तालिम र राहदानी वितरण गर्ने मिति र समय:**

- मिति २०८० माघ १४,१५ गते उडान हुने कामदारहरुले मिति २०८० माघ १३ गते (तदानुसार २७ जनवरी, २०२४) शनिबार बिहान ११:०० बजे ।
- मिति २०८० माघ १६ गते उडान हुने कामदारहरुले मिति २०८० माघ १४ गते (तदानुसार २८ जनवरी, २०२४) आईतबार दिउँसो १:०० बजे ।

**पुनश्चः**-अभिमुखीकरणमा सबैजना स्वास्थ्य प्रोटोकल पालना गरी अनिवार्य रुपमा सहभागी हुनुपर्नेछ ।

- उडान मिति भन्दा एक दिन अगावै तोकिएको स्वास्थ्य संस्थाबाट Tuberculosis(TB), VDRL र PCR परिक्षण गराई सो को सक्कलै निस्सा साथमा लिएर जानु पर्नेछ ।
- साथै दक्षिण कोरिया जादा अनिवार्य रुपमा नागरिकता ,प्यान कार्ड , नेपालबाट जारी गरिएको कोभिड-१९ विरुद्धको खोप लगाएको QR कोडको प्रिन्टकपि र कोरियाबाट जारी भएको Q कोडको प्रिन्टकपि साथमा राख्नुपर्नेछ ।

२०८०/१०/९

**ई .पी. एस. कोरिया शाखा**

शाखा अधिकृत